# स्थानीय राजपत्र

हरिनास गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ४ चित्रेभञ्ज्याङ, स्याङ्गजा, फागुन २ गते, २०७७ संख्या : ३


## भाग २

स्थानीय सरकार

हरिनास गाउँपालिका

चित्रेभञ्याङ्ग, स्याङ्गजा गण्डकी प्रदेश, नेपाल

**हरिनास गाउँपालिकाद्वारा सर्वसाधारणको लागि प्रकाशित सूचना ।**

**हरिनास गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धि कार्यविधि, २०७७ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धि कार्यविधि, २०७७

**प्रस्तावनाः**

गाउँपालिकालाई प्राप्तहुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गनुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुनआउने कन्टिजेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय

भएकोले, स्थानीय शासन संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी गाउँसभाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७ रहेको छ ।

(ख) यो कार्यविधि गाउँ सभाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **उद्देश्यः** कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :

(क) योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,

(ख) दफा ४ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिजेन्सी वापतको रकम खर्च गर्न,

(ग) कन्टिजेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न,

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

(ङ) कन्टिन्जेन्सी वापतको रकमको यर्थाथपरक विवरण अभिलेखीकरण गर्न, आदि ।

३. **कन्टिन्जेन्सी रकमको व्यवस्थाः**

गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको तोकिए बमोजिम (३ प्रतिशत) कन्टिन्जेन्सी वापतको रकम कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा ४ मा उल्लेख बमोजिमका शीर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।

४. **खर्च गर्न सकिने क्षेत्रहरुः**

योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी कट्टा रकमलाई गाउँपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।

(क) योजना अनुगमन तथा सुपरीवेक्षण एवं योजनासँग सम्वन्धित प्रशासनिक र वैठक भत्ता लगायत खाजाखाना खर्च,

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु

(ङ) गाउँपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

(च) लेखापरीक्षण सम्बन्धी खर्च,

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमूखिकरण / तालिम / गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च,

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च,

(झ) स्थानीय तह वा अन्यनिकायको योजना तथा कार्यक्रमको असल अभ्यासको अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यन्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भम्रण खर्च,

५. **कन्टिजेन्सी रकमको खर्च प्रकृतिः** योजना तथा कार्यक्रमको कुल कन्टिजेन्सी रकममध्ये प्रशासनिक (चालू) अधिकतम (५५) र पूँजीगत अधिकतम (४५) प्रतिशतका दरले खर्च गर्न सकिनेछ।

६. **कन्टिजेन्सी रकम एकीकृत तथा  खर्च प्रणालीः** गाउँपालिकाको वार्षिक स्वीकृत वजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्तहुने सशर्त, विशेष तथा समपुरक अनुदानअन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरुमा नै एकीकृत रुपमा हिसाव गरी सो को लगत राखिनेछ ।

तर त्यस्ता  योजना तथा कार्यक्रमको कन्टिजेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन  सगैं खर्च गरिने व्यवस्था मिलाइनेछ।

७. **थपघट, हेरफेर वा संशोधन**ःविद्यान समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

८. **बाधा अड्काउ फुकाउने अधिकारः**

(क) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार विद्यान समितिको सिफारिसमा कायर्पालिकाको बैठकको निर्णय बमोजिम हुनेछ ।

(ख) तर प्रचलित ऐन, कानून, नियम र यस कार्यविधिको मुलभतू कुरालाई असर गर्ने गरी बाधा अडकाउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन्।

९. **यसै बमोजिम भए गरेको मानिने:** यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी रकमबाट योजना कार्यान्वयनसंग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत